आज मिति २०८३ साल असार महिनाको १५ गते सोमबारका दिन राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगर कार्यपालिकाको ९६ औं बैठक बसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

आमन्त्रित अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | श्याम बहादुर पराजुली | |
| | केशव बर्ती, लेखापाल | |
| | पुष्पा लम्साल बाग्ले, व.प्र.स. | |

CamScanner

# मिति २०८३/०३/१५ गतेको ९६ औं नगरकार्यपालिका बैठकका निर्णयहरु:

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. गत बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. अधिकृत स्तरका कर्मचारीको बढुवा नियुक्ति र राजिनामा स्वीकृत सम्बन्धमा ।
३. अपुग तलब भत्ता सम्बन्धमा।
४. विविध सम्बन्धमा ।

**निर्णय नं.१:**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था तथा कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं.२:**

क. यस कार्यालयको माग बमोजिम मुख्यन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बढुवा समितिको सचिवालय) गण्डकी प्रदेश, पोखराको चलानी नं.४५ मिति २०८३।०३।१२ को पत्रानुसार यस नगरपालिकाको कार्यालयमा स्थानीय कृषि सेवा, भेटेरिनरी समूह, पशु चिकित्सक पद, सातौं तहमा सिफारिस भई आउनु भएका श्री प्रताप पौडेललाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १६ को उपदफा (१) बमोजिम नियुक्ति गरी सो नियुक्तिको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

ख. यस कार्यालयमा कार्यरत नेपाल स्वास्थ्य सेवा, हेल्थ इस्पेक्सन समुह, जनस्वास्थ्य अधिकृत (सातौं तह) श्री नानीबाबु ढकाल (कर्मचारी संकेत नं. १३४६१३) ले आफ्नो राजिखुशीले मिति २०८३/०३/१६ देखि लागु हुने गरी मिति २०८३/०३/१५ मा पेश गर्नुभएको राजिनामा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६१ (३) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को दफा १४१ बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं.३:**

चालु आ.ब.को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम मध्ये नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखा र सो अन्तर्गत साथै वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक भुक्तानी दिन सम्बन्धित बजेट खर्च शीर्षकमा बजेट नपुग भए मौज्दात हुने अन्य खर्च शीर्षकबाट खर्च व्यवस्था मिलाउने।

**निर्णय नं.४: (विविध)**

क. विभिन्न मितिमा विपद्जन्य घटनाबाट क्षति भएको भनि पेश हुन आएका निवेदन माग बमोजिम तपसिलका व्यक्तिहरुलाई सहायता रकम उपलब्ध गराउने।

| क्र.स. | लाभग्राहिको नाम | ठेगाना | विपद् घटना | सहायता रकम रु. |
|---|---|---|---|---|
| १ | डुकुराज पाण्डे | रा.न.पा.७ | चट्याङले घरको वायरिङ लागायत इलोक्ट्रोनिक सामान र घरको भित्ता भत्किएको प्रहरी मुचुल्का अनुसार (करिव २ लाख क्षति) | १० हजार |

| | | | | |
|---|---|---|---|---|
| २ | कमला सुनार | रा.न.पा.६ | अविरल बर्षाले गर्दा घर नजिक पहिरो गएको (प्रहरी मुचुल्का र फोटा संलग्न) | १० हजार |
| ३ | सन्तमाया भन्ने शान्ति वि.क. | रा.न.पा.९ | बाटो विस्तार गर्दा धक्का पुगेको, घर जिर्ण भएकोले मर्मत गर्न नसकेको | १० हजार |
| ४ | टुक बहादुर घले | रा.न.पा.७ | माछाका भुरा मरेको प्रहरी मुचुल्का अनुसार करिव ४ लाख क्षति | १५ हजार |
| ५ | मान बहादुर अधिकारी | रा.न.पा.३ | पहिरोको कारण घर गोठमा क्षति प्रहरी मुचुल्का अनुसार | १० हजार |
| ६ | हिरालाल पनेरु | रा.न.पा.३ | चट्याङले घर वायरिङ लगायतमा क्षति भएको | ५ हजार |

ख. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत सहयोग पाइरेहका ६६ जना लाभग्राहीको चालु आर्थिक वर्षमा हालसम्म प्राप्त गरेको सुविधालाई अनुमोदन गर्दै चालु आ.व.को बाँकी रकम भुक्तानी दिने। आगामी आ.ब. देखि मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिमको पूर्ण प्रक्रिया पुगेका लाभग्राहीलाई मात्र त्यस्तो औषधि उपचार खर्च उपलब्ध गराउने।

ग. नगरपालिका संघ सदस्यता शुल्क बापत रु २५ हजार विविध खर्च शीर्षकबाट भुक्तानी व्यवस्था मिलाउने।

CamScanner